# विराटनगर महानगरपालिका

**बैठक संख्या: ५८**

**मिति: २०७६/११/ २६**

**बैठक प्रारम्भ: विहान ८:०० बजे**

**बैठक स्थगन: १०:०० बजे**

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री एकदेव अधिकारी | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३१ | आ.सहयोगी | केवल पोखरेल | |

निर्णय नं. १

हुलाकीमार्गको एलाईन्भेट संशोधन गर्ने सम्बन्धमा उक्त आयोजनाका प्राविधिकहरु समेत संग वैठक बसी छलफल भए अनुसार देहायको क्षेत्राधिकार बमोजिम सिफारिश गर्ने निर्णय गरियो । हाटखोलाको उत्तर तर्फ सिङ्गिया खोलाको दायाँ बायाँ १५/१५ मिटर सडक हुने गरी पुष्पलाल चौक हुदै मानगढ मार्ग उत्तर पश्चिम तर्फ हुदै कोशी राजमार्ग पुगी बरगाछी गणेश चौक हुदै जामुनगाछी चौकबाट सुनसरी तर्फको सडकमा जोडिई लैजानका लागि सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं.२

चैत्र १ गतेबाट समग्र विराटनगर महानगरपालिकालाई सूर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण ऐन, २०६८ तथा नियमावलीमा उल्लेख भए अनुसारका शर्तहरु पालना हुने व्यवस्था मिलाई सूर्तिजन्य पदार्थ निशेधित क्षेत्र घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.३

विद्युत सामग्री खरिदको प्रकृयामा जिम्मेवारी तोकिएको ई. अनिल सिंहले मूल्यांकन समितिको सदस्य-सचिवको भूमिका निर्वाह गर्ने सन्दर्भमा वारम्वार ढिलाई गरेको हुँदा स्पष्टिकरण लिई, विद्युत सामग्री खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.४

**Eco Fountain-Park** को निर्माण कार्यको सम्बन्धमा छानविन गर्न ७ नं. वडाका वडा अध्यक्ष श्री मधुबाबु तिवारीको संयोजकत्वमा, ४ नं. वडाका वडा अध्यक्ष श्री देबेन्द्र पोखरेल-१, २ नं. वडाका वडा अध्यक्ष श्री कुमार पोखरेल-१ र सदस्य सचिबको रुपमा सरोज गौतम रहनेगरी छानविन समिति गठन गर्ने र उक्त समितिले आवश्यक छानविन गरी १५ दिन भित्र प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५

ठुला ढुवानीका साधनहरुलाई मुख्य (मेनरोड) बजार क्षेत्रमा प्रवेशको सरोकारवालाहरुसंग समन्वय गरी समय र क्षेत्र तोक्ने निर्णय गरियो ।

निर्णय नं.६

ज्योतिमार्ग वडा नं. ३ सडक निर्माणका लागि यस महानगरपालिकावाट आ.व. २०७६/०७७ मा रु. ३० लाख विनियोजन भएको तथा उक्त सडक निर्माणका लागि प्रदेश समपुरक अनुदानवाट रु. १(एक) करोड विनियोजन भएकाले जम्मा रु.१ करोड ३० लाख वरावरको योजना सम्पन्न गराउन ठेक्का प्रथावाट गर्दा समय अभाव भएकोले २(दुई) वटा उपभोक्ता समिति गठन गराई निर्माण कार्य गराउनका लागि सर्वसम्मत निर्णय गरियो ।